मिति:१५ मार्च २०१९

महामहिम राजदूत ज्यू,

नेपाली राजदूतावासको कार्यलय,

याफ्फो,तेलअभिव, इजरायल |

बिषय : ध्यानकर्षण सम्बन्धमा |

महोदय,

उपरोक्त विषयमा इजरायलमा स्थापित विभिन्न राजनीतिक,सामाजिक र धार्मिक संगठन,संघ र संस्थाहरुको साथै इजरायलवासी आम श्रमजीवी नेपाली दिदीबहिनी तथा दाजुभाईहरु र अनलाईन संचारकर्मीहरुको संयुक्त तर्फबाट नेपाल देश र नेपाली जनताको हितमा कार्य गर्नको निमित उर्जा मिलोस भन्ने हेतुले ऐतिहासिक प्रथम “स्वागत तथा अन्तरक्रिया” कार्यक्रम मार्फत लिखितरुपमा सार्वजनिक गर्दै यो महत्वपूर्ण १७ बुँदे ध्यानाकर्षण पत्र महामहिम राजदूत ज्यूलाई हस्तान्तरण गर्दछौ | नेपाल सरकारले आब्हान गर्नु भएका “सम्बृद्ध नेपाल र सुखी नेपाली” नाराको मूल मर्म र भावनालाई आत्मासाथ गर्नु भई मुख्य लक्ष्य,उदेश्यलाई साकार पार्नका लागी, नेपाल र इजरायल दुई देश बिचको उच्च स्तरीय कुटनैतिक सम्बन्धलाइ विश्व माझ हिजोको भन्दा आज प्रगाड बनाई व्यवहारिक रुपमा आम नेपाली जनताले देखिने गरि खोजिएको सार्थक परिणाम ल्याउन सफल हुनु हुनेछ भन्ने हामीले पूर्ण विश्वास लिंदै महामहिम राजदूत श्री डा.अन्जान शाक्य ज्यूलाई हार्दिक बधाई तथा पूर्ण सफल कार्यकालको लागी शुभकामना व्यक्त गर्दछौ |

१) अबैधानिक रुपमा संचालित हुण्डी कारोबारलाई यथासक्य चाडो बन्द गर्नुपर्ने सुझाब दिन चाहन्छौं | यहाँ धेरै मात्रामा कियर गिभरमा काम गर्नेको संख्या बढी भएकोले काम छोडेर तेलअभिव जान नपाउने एउटा समस्या छ | यहाँ बाट हाल हरेक देशमा पैसा पठाउनको लागि पोष्ट अफिस, एक्सचेन्ज अफिसहरु लगाएत अन्य मध्यम हरुबाट भएतापनि एउटा विश्वासीलो र भरपर्दो अनि नेपाली नै कर्मचारी भएको नेपाल सरकारको मान्यता प्राप्त सूर्योदय रेमिटेन्स (सनराइज बैंक) को कार्यलय तेलभिवमा मात्र भएको र त्यसले खासै त्यति प्रभाव पार्न नसकेकोले हरेक कामदारले सो रेमिट्यान्स मार्फत पैसा पठाउन सक्ने माध्यमहरुको खोजि गरि वा सो रेमिटेन्स अफिसले हरेक ठाउमा एजेन्टको व्यवस्था गरिदिदा राम्रो हुने थियो | त्यसैले सम्बन्धित निकाय संग बुझेर यसलाई अलि एक्टिभ बनाउन ध्यानाकर्षण गराउछौ |

२) नेपाल बाट सजिलो तरिकाले इजरायल कामदार आउन पाउने कार्यको चाडै भन्दा चाडै पहल होस् | नेपाल सरकार र इजरायल सरकार बीच पाइलट प्रोजेक्ट अन्तर्गत पहिलोपटक ३00 जना कियर गिभर इजरायल सरकारले नेपाल बाट ल्याउने सम्झौता भएको मध्यबाट २ पटक गरेर कियर गिभरमा मात्र ११० जना ल्याएकोमा सबै सफल र राम्रो काम गरेको कुरा इजरायल सरकारको PIBA बाट जानकारी पठाएको छ भने हाल ५०० जनाको कोटाको लागि PIBA बाट सबै किसिमको Draft भैसकेको र Ministry of Foreign Affairs मा पठाइसकेकोले नेपाल सरकारको सानो पहल भएमा ५०० जना को कोटा तत्काल खोल्न सकिने PIBA बाट जानकारी आएको बिशेष सुत्र बाट थाहा हुन आएकोले G2G बाट अर्थात Pilot Project कै ढाँचाबाट ल्याउदा आउने व्यक्तिहरु ठगिने सम्भावना कम हुने हुदा यो प्रोसेस लाइ निरन्तरता दिनको लागि महामहिम ज्यूलाई सम्बन्धित निकायहरुमा पहल गरिदिनुहुन अनुरोध गर्दछौं |

३) बैदेशिक रोजगारमा हुनेहरुको लागी श्रम र जीवन बिमाको साथै नेपालमा हुने हरेक निर्वाचन, प्रवासी नेपालीहरुले पनि आफ्नो मताधिकारको प्रयोग गर्न राजदूतावास कार्यलय बाट नै पाउने व्यवस्थाको कार्यन्वयनमा पहल होस् |

४) बैदेशिक रोजगारमा हुने वा बिदेशमा हुनेहरुको बिभिन्न कारणवस नेपाल जान नसकेको अबस्थामा घर जग्गा लेनदेन र घरजग्गा धितो राखेर ऋण वा बैंकिंग कारोवारको समस्या छ, जसलाई घर परिवारको कुनै सदस्यताको रोबहरमा र सम्बन्धित राजदूतावासको सिफारिसमा पनि घर जग्गा लेनदेनको कारोबार तथा घर जग्गा धितो राखेर ऋण वा अन्य बैंकिंग कारोवार गर्न सक्ने ब्यबस्थाको पहल होस् |

५) नेपालमा बनेका हस्तकला सामग्रीहरुको बिक्रि प्रवर्धन र पर्यटन क्षेत्रको लागी इजरायली पर्यटक नेपाल भित्र्याउने योजनाको पहल गरियोस् | नेपाल बाट पर्यटन प्रवर्धनको लागि बार्षिक २ पटक मानिसहरु आउने र सिमित व्यक्तिहरुको बिचमा कार्यक्रम गरेर फर्कने कार्य चलिरहेको हुदा र त्यसले कुनैपनि सकरात्मक पहल नभएको हुदा त्यसलाई अझै व्यवस्थितरुपमा र बृहत रुपमा हुने र गराउने पहल गरियोस्|

६) इजरायलमा बिभिन्न जातजाति,भाषा भाषी र धार्मिक आस्था राख्ने नेपालीहरु छन् | जसले आफ्नो देशको रितिरिवाज,भेष भुषालाई अंगाल्दै आइरहेका छन् | बिगतमा राजदुतावासले बिभिन्न राष्ट्रिय चाडहरु,शहिद दिवस,गणतन्त्र दिवस र प्रजातन्त्र दिवस राजदुतावासको कार्यलय मै आयोजना गरि केहि सिमित व्यक्तिहरु मात्रै समावेश हुने भएकोले उक्त कार्यक्रमलाई सार्वजनिक स्थलमा आयोजना गरि इजरायलमा रहेका सम्पूर्ण संघ सस्था,राजनीतिक संगठनहरु पत्रकार बुद्धिजीवी आम समुदायको सहभागीतामा संम्पन्न गर्दा राष्ट्रिय एकताको भावना पनि प्रवाह हुने हुदा यस बिषयमा राजदुतावास परिवारलाई ध्यानाकर्षण गराउदछौं |

७) नेपाली दूतावासको मातहतमा रहने गरि नेपाली र हिब्रु दुवै भाषा बुझ्न सक्ने कानून ब्यबसायी(Lawer)को व्यवस्था होस् ताकी यहाँ कुनैपनि नेपाली-हरुको बिना गल्तीमा पनि कानुनी सजाय र पैसाको दुरुपयोग नहोस्|

८) विविध बाध्यता कारण बस विभिन्न समयमा जेलमा परि कष्टकर जेल जिबन विताई रहनु भएका नेपालीहरुलाई भेटी उहाँहरुको समश्यलाई पहिचान गरि नेपालका आफन्तजन परिवारहरु संग यहाँको यथार्त जानकारी गराउना तथा नेपाल फर्काउन सकिने भए त्यस तर्फ पनि महामहिम राजदूत ज्युले आफ्नो देशको नेपाली नागरिकलाई सहानुभूतिका साथ सहयोगीको महत्वपूर्ण भूमिका खेल्नु पर्ने देखिएकोले सुझाब दिन चाहन्छौं|

९) इजरायलमा भएका सम्पूर्ण नेपालीहरु ( भिसा भएका र नभएका ) को संख्या गणना तथा पुन नवीकरण गरेर सम्पूर्ण नेपालीहरुको रेकर्ड राखियोस्|

१०) इजरायलमा भएका र खोलिएका जतिपनि धार्मिक, राजनैतिक, सामाजिक (नेपालमा दर्ता भएका वा नभएका) सबै संघ,सस्था,संगठन र अनलाइन खवर (वेब साइड) हरुको राजदूतावास कार्यलयमा प्रत्येक वर्षको पुनः नविकरण तथा दर्ता गरियोस् र उनीहरुले गर्ने कार्यको निगरानी गरियोस्|

११) इजरायलमा भएका संघ संस्था तथा व्यक्तिहरु बाट सहयोग रकम उठाएर नेपालमा गरिएको सहयोग रकम सम्बन्धित ठाउमा पुगे नपुगेको बारेमा निगरानी गरियोस् र सकभर त्यस्ता रकमहरुलाई नेपाल सरकारको स्वीकृति प्राप्त संस्थाहरु मार्फत हस्तान्तरण गरियोस् जसले गर्दा पछी सम्म त्यसको रेकर्ड रहोस् सहि ठाउमा सदुपयोग होस् ताकी दुरुपयोग हुन नपावस् |

१२) इजरायलमा भएका हामी नेपालीहरु मध्य कोहि बिरामी भएर काम गर्न नसकेका तथा हस्पिटलमा रहेका वा अपार्टमेन्ट मै रहेका हरुको बारेमा रिपोर्ट संकलन होस् र जसको उपचारको लागि आबस्यक पर्ने खर्चहरु बिभिन्न संघ

संस्थाहरु र व्यक्ति हरुले संचालन गरेका आपतकालीन कोषको संरक्षक रहेर एउटा अभिबाबक भूमिका निर्वाह गरियोस्|

१३) नेपाली कामदारहरुको हितलाई मध्यनजर गर्दै आपतकालीन समस्याको लागि दुतावास कार्यलयमा २४ घन्टे हटलाइन ब्यबस्थाको साथै सम्भव भएसम्म यहाँ भएका धैरै नेपाली कामदारहरुको बिदालाई मध्यनजर गर्दै समय मिलाएर शुक्रवार र शनिवार पनि केहि घण्टा राजदूतावास कार्यलय खोलिएमा यहाँका टाढाको नेपाली कामदारहरुको लागि र सबै नेपालीहरु धैरै हद सम्म राहत मिल्ने कुरामा ध्यानाकर्षण गाराउन चाहन्छौं |

१४) इजरायलमा भएका कामदारहरु तथा कियर गिभरमा काम गर्ने कामदारहरुको लागि नेपाल फर्कने समयमा वा इजरायल छोड्ने समयमा काम गरेको प्रमाण पत्रको ब्यबस्था भएमा जहाँ भएपनि र चाहेको समयमा प्रमाण पत्रको आधारमा आफ्नो अनुभवलाई प्रयोग गर्न सक्ने थियो | जसलाई सम्बन्धित रोजगारदाता कम्पनी संग छलफल गरि कार्य क्षमताको प्रमाणपत्र ब्यबस्थापनको लागि पहल गरिदिनुहुन अनुरोध गर्दछौं |

१५) कृषि क्षेत्रमा ११ महिने तालिम लिएर नेपाल फर्कने बिद्यार्थीहरुको लागी सम्बन्धित निकायले व्यपस्थापन गर्न नसकेकोले स्वदेश फर्केपछि बिबिध कारण बाट तत्काल आफ्नो सिपलाई प्रयोग गर्न नसकेको पाइएकोले यस्ता तालिमहरु इजरायल लगायत बिभिन्न देशहरु बाटै विशिष्ट विज्ञहरु लागेर नेपाल मै दिने व्यबस्थाको पहल होस्|

१६) इजरायलमा सन् २०१३ देखि प्रशिक्षर्थी कामदारको रुप मा ११ महिनाको लागि सानाकिसान सहकारी संस्थाका सदस्यका छोरा छोरीहरु मध्यबाट बार्षिक ५०० जना ल्याउने गरेको, जसको उमेर २० देखि ३० वर्ष भित्रको तोकियको र धैरै जसो २२/२४ बर्षका हुने भएकोले यहाँ काम गर्न गाह्रो र केही गरौ भन्ने मनस्थिती पनि नहुने उमेरका भयकोले सो उमेर हद लाई २५/३५ सम्म वा ३०/ ४० वर्ष सम्मका उमेर गराउदा अलि प्रभाव हुने थियो |

१७) इजरायलमा रहेका नेपालीहरु एउटा कुनैपनि भिसामा आएकाहरुलाई यहाँको कानून अनुसार अर्को सेक्टरमा भिसा चेन्ज गर्न नमिल्ने छ तर कामदारहरुको हकमा सम्भव भएसम्म यहाको कानुनलाई पालना गर्दै अर्को सेक्टरमा भिसा चेन्ज गर्न पाउने वा कियर गिभरमा आएकाहरुको लागि स्वदेश फर्कने समयमा १०/११ महिना कृषि सम्बधि तालिम लिन पाउने व्यवस्था भएमा इच्छा हुने र चाहनेहरुले केहि शिपहरु वा ज्ञान हासिल गरेर फर्कदा पछी स्वदेशमा पनि केहि गर्न सक्ने क्षमतामा वृद्धि हुने थियो कि भन्दै सम्बन्धित निकायमा परामर्श गर्न ध्यानाकर्षण गराउन चाहन्छौं |

अन्तमा बिश्व भरी छरिएर बसेका प्रवासी नेपालीहरुको हकहित र आफ्नो मातृभूमि नेपालमा संयुक्त लगानी भित्र्याएर सम्बृद्धिको बाटोमा लम्कन साथ दिने उद्देश्यका साथ एकीकृत भएका प्रवासी नेपालीहरुको ज्ञान,शिप र पूंजीलाई स्वदेशमा लागनी गर्न उत्प्रेरित हुने वातारणको सिर्जना गराउन अनुरोध गर्दै राजदूतावास नेपाल सरकारको एउटा अंग भएकोले यहाँ भएका सम्पूर्ण नेपालीहरुको अभिबाबक बनेर आफ्नो कर्तब्य पुरा गरियोस् भन्दै सम्पूर्ण नेपालीहरुको तर्फबाट फेरी पनि नव नियुक्त महामहिम ज्यूको कार्यकाल सफल रहोस् भन्ने कामना गर्दछौं | धन्यबाद |

निम्न संघ, संस्था र संगठनहरुको सामुहिक ध्यानकर्षण पत्र -

१) प्रवासी नेपाली एकता मंच, इजरायल |

२) नेपाली संङघीय समाज, इजरायल |

३) नेपाल तामाङ घेदुङ, इजरायल।

४ ) नमस्ते नेपाल हातेमाले सामाजिक संस्था,इजरायल |

५ ) सत्य साई सेन्टर, इजरायल |

६ ) नेवा ख:ल,इजरायल |

७) किरात राई यायोख्या नेपाल, इजरायल |

८ ) नेपाली नारी आबाज, ईजरायल |

९) बिश्व नेपालि साहित्य महासंघ, इजरायल शाखा |

१० ) मातृभूमिका लागि पर्बत सेवा समाज, ईजरायल |

११ ) लुम्बिनी कपिलबस्तु अभियान, इजरायल |

१२) हेल्पिंग हेन्ड्स सोसाइटी, इजरायल |

१३) हिन्दु जागरण, इजरायल |

१४) किरात याक्थुङ चुम्लुङ,इजरायल |

१५) संघीय लिम्बुवान सामाजिक मन्च, इजरायल |

१६) भोजपुर सेवा समाज, इजरायल |